# भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

(नेपाल सरकार सचिवस्तर मिति २०७१/०७/१६ बाट स्वीकृत)

**नेपाल सरकार**

## कृषि विकास मन्त्रालय

कार्तिक, २०७१

# भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

## पृष्ठभूमी

खाद्य तथा पोषण सुरक्षा एवं पर्यावरणीय दृष्टिकोणले भटमास एक बहुउपयोगी बाली हो । नेपालमा आर्थिक बर्ष २०६९/७० मा करीब २५ हजार हेक्टर क्षेत्रफलमा भटमासको खेती गरिएको तथ्याङ्क (कृषि विकास मन्त्रालय, २०७०) छ । नेपालमा खाद्यान्न र पशुदानाको रुपमा भटमासको आयात बढिरहेको स्थिति छ । यसको साथै नेपालमा भटमासको खायन तेलको आयात समेत उल्लेखनीय रुपले भैरहेको अवस्था छ । आर्थिक बर्ष २०६९/७० को अवधिमा मात्रै नेपालमा करीब १० अरब ९० करोड बराबरको कच्चा भटमास तेल र ५ करोड ५३ लाख बराबरको प्रशोधित भटमासको तेल आयात भएको (कृषि विकास मन्त्रालय, २०७०) देखिन्छ । नेपालमा भटमास खेतीको प्रचुर संभावना हुँदा हुँदै पनि यसको खेती विस्तार अपेक्षित रुपमा हुन सकिरहेको छैन । नेपालमा कृषकको रोजाई अनुरुपको जातहरु उपलब्ध नहुनु र कृषकमाझ उन्नत प्रविधिको पहुँच कम हुनुले यसको उत्पादन तथा उत्पादकत्व बृद्धि हुन सकेको छैन । यसै अवस्थालाई मध्य नजर गर्दै नेपाल सरकारले आर्थिक बर्ष २०७१/७२ देखि “भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम” कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । यस कार्यक्रम अन्तर्गत कृषकलाई उन्नत भटमास खेती प्रविधिबारे पहुँच बढाउने कार्यको साथै भटमास तेल उद्योगी एवं दाना उद्योगीहरुसंग कृषकको सम्वन्ध स्थापित गरी उत्पादित भटमासको बजारीकरणमा सहयोग पुर्‍याउने खालका कृयाकलापहरु संचालन गरिनेछ । नेपाल सरकारवाट स्वीकृत “भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम” संचालनका लागि नेपाल सरकार, कृषि विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१” रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) “कार्यक्रम” भन्नाले “भटमास उत्पादन प्रबर्द्धन कार्यक्रम” भन्ने सम्झनु पर्छ ।

(ख) “सेवाकेन्द्र” भन्नाले कृषि सेवाकेन्द्र भन्ने सम्झनु पर्छ ।

(ग) “सूचित बीउ बिजन” भन्नाले राष्ट्रिय बीउ विजन समिति मार्फत उन्मोचन र दर्ता विधिबाट नेपाल राजपत्रमा प्रकाशित बीउ बिजन भन्ने सम्झनु पर्छ ।

(घ) “श्रोत बीउ” भन्नाले प्रचलित बीउ विजन ऐन, नियमावली अनुसार प्रमाणीकरण गरिएको बीउ भन्ने सम्झनु पर्छ ।

(ङ) “उन्नत बीउ” भन्नाले प्रचलित बीउ विजन ऐन, नियमावली अनुसार यथार्थ संकेत पत्र लगाइएको बीउ भन्ने सम्झनु पर्छ ।

(च) “परिषद्” भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् र यस अन्तर्गतका अनुसन्धान केन्द्र भन्ने सम्झनु पर्छ ।

(छ) “निर्देशनालय” भन्नाले कृषि विभाग अर्न्तगतको वाली विकास निर्देशनालय भन्ने सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) कृषकमाझ उन्नत भटमास खेती प्रविधिको पहुँच बढाई उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(ख) नेपालमा भटमासको पशुदाना एवं तेल प्रशोधन उद्योग स्थापना गर्न आवश्यक कच्चा पदार्थको आपूर्तिका लागि वातावरण तयार गर्न सघाउ पुऱ्याउने ।

(ग) भटमासका विभिन्न प्रकारका उत्पादनहरुको आयातलाई क्रमशः प्रतिस्थापन गर्दै लैजाने ।

(घ) स्थानियस्तरमा लोकप्रिय भएका स्थानीय/रैथाने भटमासका जातहरु दर्ता गरी संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्ने ।

## परिच्छेद–२

## कार्यक्रम संचालन प्रक्रिया

४. **क्षेत्र छनोटका आधारहरुः** कार्यक्रम सञ्चालन क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः–

(क) भटमास खेती भै रहेका वा यसको बिस्तारको संभावना भएका पहाडी जिल्लाहरु ।

(ख) पहिलो चरणमा अनुसूची १ मा उल्लेख भएका जिल्लाहरुमा कार्यक्रम सञ्चालन गरिनेछ । पछिल्ला आर्थिक वर्ष देखि संभाव्यताका आधारमा अन्य जिल्लाहरु समावेश गर्न सकिनेछ ।

५. **कार्यक्रम तर्जुमा र कार्यान्वयनः** यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछः–

(क) यस कार्यक्रमको लागि आवश्यक बजेट निर्देशनालयमा उपलब्ध हुनेछ ।

(ख) निर्देशनालयले जिल्ला विशेष भटमास बालीको संभाव्यताको आधारमा कार्यक्रम तर्जुमा गरी स्वीकृतीको लागि पेश गर्नेछ ।

(ग) यस कार्यक्रमको कार्यान्वयन एक भन्दा बढी जिल्ला समेट्नुपर्ने कार्यहरुको हकमा निर्देशनालयबाट र अन्य कार्य सम्बन्धित जिल्ला कृषि विकास कार्यालयबाट हुनेछ ।

(घ) कार्यक्रम कार्यान्वयनमा विषयसंग सम्बन्धित अधिकृत एवं सम्बन्धित सेवा केन्द्रका प्राविधिकहरुको सकृय सहभागिता हुनेछ ।

६. **कार्यक्रमको सञ्चालनः** यस कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछः–

(क) यस कार्यक्रम संचालनको लागि छनौट भएको जिल्लामा भटमास बाली उत्पादन हुने क्षेत्रका कृषक समूह/सहकारीहरु परिचालन गरिनेछ ।

(ख) कृषक समूह/सहकारीहरु नभएको खण्डमा नयाँ कृषक समूहहरु गठन गरी परिचालन गरिनेछ ।

(ग) छनोट भएका गाँउ विकास समितिहरुमा प्रति गाँउ विकास समिति कम्तीमा २० हेक्टर क्षेत्रफल (Cluster Approach) मा भटमास खेतीको बिस्तार हुने गरि कार्यक्रम लागु गरिने छ । एक गाँउ विकास समितिमा ३ वर्ष भन्दा वढि समय कार्यक्रम सञ्चालन गरिने छैन ।

(घ) भटमासको उन्नत बीउ उत्पादनको हकमा संभावना भएका स्थानमा कृषक समूह, सहकारी तथा बीउ कम्पनीहरुको साझेदारीमा सूचित जातहरुको बीज बृद्धि गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) कृषकहरुले मन पराएका र क्षेत्र विस्तारको लागि संभावना भएका स्थानीय/रैथाने भटमासका जातहरुको समेत बीउ प्लट छनोट गरिने छ र परिषद् मार्फत यस्ता जातहरु दर्ता गरी राष्ट्रिय अभिलेखमा राख्नका लागि जातीय विवरण (Varietal descriptor/Passport data) सहितको जात दर्ता गर्ने प्रस्ताव तयार भई राष्ट्रिय बीउ विजन समितिमा पेश हुनेछ ।

(च) खण्ड (घ) बमोजिम जात दर्ता प्रक्रियाको लागि बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको समेत सहयोग रहनेछ ।

(छ) दर्ता भएका स्थानीय/रैथाने भटमासका जातहरुको समेत योजनाबद्ध तवरले व्यावसायिक बीज बृद्धि गरी क्षेत्र विस्तार गरिनेछ ।

(ज) बीउमा कृषकको पहुँचको लागि जातीय छनौट पाठशाला, बीउ उत्पादन कार्यक्रम आदि समेत संचालन गरिनेछ ।

(झ) कृषक समूह, सहकारी तथा बीउ कम्पनीहरुको साझेदारीमा उत्पादित बीउको भण्डारण, प्याकेजिङ्ग र लेबलिङ्ग गर्ने कार्य गराई क्षेत्र विस्तारको लागि आवश्यक उन्नत जातहरुको उपलब्धता सुनिश्चित गरिनेछ ।

७. **बीउको श्रोतः** कार्यक्रम लागू हुने जिल्लाहरुको लागि परिषद् तथा इजाजत प्राप्त बीउ कम्पनीहरुबाट श्रोत बीउ र बीउ उत्पादक समूह/सहकारी तथा गैरसरकारी संस्थाहरुबाट उन्नत बीउ उपलब्ध गराईनेछ ।

८. **कार्यक्रमका मुख्य संभागहरु :** यस कार्यकमका मुख्य संभागहरु देहाय बमोजिम हुनेछन :-

**(क) क्षेत्र विस्तार :** यस अर्न्तगत भटमासको क्षेत्र विस्तारका लागि दफा (९) मा उल्लेखित नर्मसहरुको परिधि भित्र रही बीउ बिजन र अन्य सामग्रीको मूल्य र ढुवानीमा अनुदान उपलब्ध गराई कृषकहरुको प्राविधिक क्षमता अभिबृद्धि गरिनेछ ।

**(ख) बीउ उत्पादन :** यस अर्न्तगत भटमासका सूचित जातहरुको प्रचलित नर्मस अनुसार बीज बृद्धि गरिने छ । यसको साथै दफा (६) बमोजिम दर्ता भएका स्थानीय/रैथाने जातहरुको बीज वृद्धि समेत प्रचलित नर्मस अनुसार गरिने छ । बीउ उत्पादनका लागि प्रयोग हुने श्रोत बीउमा र उत्पादित उन्नत बीउको संकलन, संचय, प्रशोधन, उपचार र प्याकेजिङ्ग सहितको यथार्थ संकेत पत्र लगाउने कार्यका लागि सहयोग उपलब्ध गराइने छ ।

**(ग) व्यवस्थापन र समन्वयः** यस अर्न्तगत निर्देशनालयबाट कार्यक्रम स्वीकृत गराई कृषि विभाग मार्फत सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरु र जिल्ला कृषि विकास कार्यालयहरुलाई वजेट खर्च गर्ने अख्तियारीका साथ स्वीकृत कार्यकम उपलब्ध गराइनेछ । निर्देशनालयबाट कार्यकम कार्यान्वयनमा संलग्न हुने सवै क्षेत्रीय कृषि निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयहरुलाई कार्यकम कार्यान्वयन सम्वन्धमा आवश्यकतानुसार अभिमुखीकरण तथा प्राविधिक पृष्ठपोषण हुनेछ । क्षेत्र विस्तारको लागि उपयुक्त स्थान/गाउँ विकास समिति छनोट गर्ने कार्यमा निर्देशनालयको समन्वयकारी भूमिका हुनेछ । यसवाहेक भटमास उत्पादनमा संलग्न हुने कृषकहरु र भटमास तथा तेल प्रशोधन उद्योगी तथा अन्य निकाय विच समन्वय गर्ने कार्य निर्देशनालयले गर्नेछ ।

९. **संचालन गरिने क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु एवं आर्थिक नर्मस देहाय बमोजिम हुनेछन्:-

(क) कृषकहरुलाई बीज बृद्धिको लागि प्रयोग हुने भटमासका सूचित जात वा दर्ता भएका स्थानीय जातका श्रोत बीउमा पचास प्रतिशत अनुदान उपलब्ध गराउने ।

(ख) नेपालमा विकास भई सूचित भएका भटमासका उन्नत वा स्थानीय रुपमा छनौट भई दर्ता भएका जातका बीउमा कृषकहरुलाई पचहत्तर प्रतिशत अनुदान उपलब्ध गराउने ।

(ग) श्रोत तथा उन्नत बीउ उपचारको लागि राईजोबियम जापोनिकम (*Rhizobium japonicum*) मा शत् प्रतिशत अनुदान उपलब्ध गराउने ।

(घ) श्रोत तथा उन्नत बीउ ढुवानीमा शत् प्रतिशत अनुदान उपलब्ध गराउने ।

(ङ) राईजोबियम जापोनिकम ढुवानीमा शत् प्रतिशत अनुदान उपलब्ध गराउने ।

(च) स्थलगत घुम्ति तालिम ।

(छ) सहभागितामूलक जातीय छनौट (स्थानीय जात समेत) ।

(ज) कृषक समूह, सहकारी तथा बीउ कम्पनीहरुलाई भटमासको बीउ भण्डारण, उपचार, प्याकेजिङ्ग सहित यथार्थ संकेतपत्र लगाउने कार्य सम्पन्न भए पश्चात प्रति किलोग्राम बीउमा रुपैंया ४ पैसा ५० का दरले अनुदान उपलब्ध गराउने ।

(झ) बहुसरोकारवाला (तेल उद्योगी, दाना उद्योगी, आयात कर्ता, निर्यात कर्ता, कृषक, व्यवसायी एवं नीति निर्माता) निकायहरुसंगको समन्वय, अन्तरक्रिया ।

## परिच्छेद-३

## कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था

१०. **कार्यक्रम अनुगमन तथा मूल्यांकनः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछः–

(क) यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित सेवा केन्द्र तथा जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, निर्देशनालय, कृषि विभाग र कृषि विकास मन्त्रालयबाट हुनेछ ।

(ख) निर्देशनालयले आवश्यकतानुसार कार्यक्रमको कार्य प्रगति तथा उपलब्धि सम्बन्धि प्राविधिक प्रतिवेदनको ढाँचा तयार गर्नेछ । राष्ट्रिय योजना आयोगको राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० बमोजिमको प्रगति प्रतिवेदनको साथमा उक्त ढाँचा बमोजिमको प्राविधिक

प्रतिवेदन समेत संलग्न राखी निर्धारित समय भित्र निर्देशनालयमा उपलब्ध गराउनु सम्बन्धित जिल्ला कृषि विकास कार्यालय र क्षेत्रीय कृषि निर्देशनालयको कर्तव्य हुनेछ ।

(ग) कार्यक्रममा संलग्न कृषक समूह/सहकारीहरुले समेत सम्बन्धित कृषि सेवा केन्द्र वा जिल्ला कृषि विकास कार्यालयहरुलाई खण्ड (ख) बमोजिमको प्राविधिक प्रतिवेदन निर्धारित समय भित्र पेश गर्नु पर्नेछ । यसरी तोकिएको प्रतिवेदन पेश नगर्ने कृषक समूह/सहकारीहरुलाई आगामी वर्षको कार्यक्रममा समावेश गरिने छैन ।

(घ) कार्यक्रम लागू गर्नु पूर्व सवै जिल्ला कृषि विकास कार्यालयहरुले भटमास खेती सम्वन्धि आधारभूत तथ्यांक (Baseline Data) तयार गर्नु पर्नेछ ।

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने जिल्ला कृषि विकास कार्यालयहरुले अनिवार्यरुपमा भटमास खेतीको उत्पादन लाभ लागत अध्ययन गरी निर्देशनालयमा प्रतिवेदित गर्नु पर्नेछ ।

(च) निर्देशनालयले आवधिक रुपमा कार्यक्रमको प्रभावकारीता मूल्यांकन गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विविध

**११. प्रचलित कानून लागु हुने**: प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**१२. अन्तिम व्याख्या**: यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा कृषि विभागले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१३. कार्यविधिमा हेरफेर गर्न सक्ने** : यस कार्यविधिमा आर्थिक विषय बाहेकका विषयहरुमा आवश्यकतानुसार कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ । आर्थिक विषयमा अर्थ मन्त्रालयको सहमति लिई परिमार्जन गर्न सकिनेछ ।

# अनूसुची–१

## (दफा ४ को (ख) सँग सम्बन्धित)

**पहिलो चरण (आर्थिक वर्ष २०७१/७२) मा कार्यक्रम लागू हुने जिल्लाहरुः-**

| **क.सं.** | **विकास क्षेत्र** | **जिल्ला** |
|---|---|---|
| १ | पश्चिमाञ्चल | म्याग्दी, स्याङ्गजा |
| २ | मध्य पश्चिमाञ्चल | रोल्पा, प्यूठान, जाजरकोट, दैलेख |
| ३ | सुदूर पश्चिमाञ्चल | अछाम, डोटी, बैतडी, डडेल्धुरा |